# आशय पत्र आहवान

स्थानीय सरकारको आन्तरिक राजस्व कार्य योजना परामर्श सेवाको लागि परामर्श दाताको रुपमा सूचिकृत (Roster) हुनको लागि आवेदन ।

नेपाल सरकार-संघीयमामला तथा सामान्य प्रशाशन मंत्रालय र संयूक्त राष्ट्र संघ पुजी विकास कोष (UNCDF) को सहकार्यमा स्थानीय सरकारका राजस्व कार्य योजना सेवाका लागि आवश्यक परार्मश दाताको सूचीकरण (Roster) तयार गर्न लागिएको छ। सो कार्यमा इच्छुक निम्न वमोजिम योग्यता पुगेकाहरुले तोकिएको समय भित्र रितपूर्वक आवृदन गर्नु हुन अनुरोध छ।

## भूमिका

नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले स्थानीय सरकार लाई विभिन्न किसिमका राजस्वको श्रोत, संभाव्य राजस्वको पहिचान, संकलन, राजस्व बाँडफाँडको अधिकार प्रत्यायोजन गरेको छ।

स्थानीय सरकार सवल हुन र नागरिकको सेवा सूविधा वृद्धि तथा स्तरन्नोतीको लागि स्थानीय सरकारको आन्तरिक राजस्व क्षमता वृद्धि अपरिहार्य छ। आन्तरिक राजस्व वृद्धिका साथ साथै स्थानीय सरकारको नागरिक प्रतिका उत्तरदायित्व तथा जवाफदेहितमा उत्तिकै वृद्धि हुनेछ। उपरोक्त विषय आत्मसात गर्दै UNCDF ले स्थानीय शाशन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) मार्फत शुरुमा ६ वटा नगरपालिकाहरुमा राजस्व कार्य योजना तयार गर्न प्राविधिक सेवा प्रदान गरेको थियो। तत्पश्चात राजस्व कार्य योजना तयारीका लागि स्थानीय सरकारवाट माग बढ्दै गयो। सो अनुरुप UNCDF ले LGCDP कार्यक्रम मार्फतनै सुनसरी, सिन्धुली तथा काभ्रे जिल्लाका सवै स्थानीय सरकारहरुलाई राजस्व कार्य योजना तयार गर्न प्राविधिक सहयोग गरेको थियो। यस अतिरिक्त, राजस्व कार्य योजना

तयारीको माग बढ्दै जादाँ अन्य दातृ संस्था तथा केही पालिकाहरु आफैले पनि राजस्व कार्य योजना तयार गर्ने गरेको देखिन्छ ।

राजस्व कार्य योजना सवै ७५३ पालिकाहरुको लागि आवश्यक छ। सो मध्ये करीव १५-२० प्रतिशत पालिकाहरुले मात्र राजस्व कार्य सूधार योजना तयार गरेको अनुमान छ । सवै पालिकाहरुमा राजस्व कार्य योजना तयार गर्न तथा भैरहेका राजस्व कार्य योजनाको अनुगमन मूल्याकन र समय सापेक्ष संशोधनको लागि दक्ष परामर्श दाता - जनशक्तीको कमी छ । सो कारणले गर्दा धेरै पालिकाहरुमा माग हुदाँ पनि दक्ष परामर्श दाता पुग्न सकेको छैनन् भने कतिपय पालिकामा तयार भैसकेका राजस्व कार्य योजनामा गुण्स्तरको सुनिश्चतता गर्नु पर्ने देखिन्छ । त्यसकारण गुणस्तरयूक्त राजस्व कार्य योजना तयार गर्न आवश्यक दक्ष जनशक्ती उपलब्ध गराउने उद्दे्श्यले यो सूचीकरण (Roster) तयार गर्न लागिएको छ । यो सूचीकरण तयार भए पछि स्थानीय सरकारले आफ्नो आवश्यकता अनुसार सूचीकृत (Roster) मध्ये वाट परार्मश दाता छनैट गरी काम दिन सक्नेछन् ।

**उक्त सूचीकरणमा संलग्न हुन इच्छुक र निम्न वमोजिम योग्यता पुगेका व्यक्तीहरुवाट निम्न वमोजिम आवेदन गर्नु होला । महिला तथा दुर्गम क्षेत्रमा गई सेवा प्रदान गर्न ईच्छुक उम्मेदवारहरुलाई आवेदन गर्नुहुन प्रोत्साहन गरिन्छ ।**

### शैक्षिक योग्यता

अर्थाशास्त्र, व्यवस्थापन, लेखा, सार्वजनिक वित्त, नगरपालिका वित्त, स्थानीय सरकार, सार्वजनिक प्रशासन वा अन्य संवन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण ।

### अनुभव

- कम्तीमा २ वर्ष काम गरेको अनुभव
- सम्वन्धित विषयमा स्थानीय सरकारमा कार्य गरेकालाई विशेष ग्राहयता
- अनुगमन मूल्यांकन तथा प्रशिक्षक/सहजीकरण अनुभव भएकालाई विशेष ग्राहयता
- नेपाली तथा अंग्रेजी भाषामा दक्षता
- प्रतिवेदन तयार गर्न सक्ने क्षमता

**विशेष क्षमता**

- समूहमा कार्य गर्न र सम्बन्ध विस्तार गर्न सक्ने ।
- संचार तथा सहजीकरण क्षमता भएको
- कम्प्युटर (जस्तै MS Word, MS Excel, MS PowerPoint) मा तथ्यांक विश्लेषण तथा प्रतिवेदन तयार गर्न सक्ने

**छनैट प्रकिया**

रितपुर्वक समय भित्र आवेदन गरेका आवेदकहरुको छनौट गर्न एक मूल्यांकन समितिको गठन गरिएको छ। उक्त समितिले निश्चित मापदण्डको आधारमा छनौट गर्ने छ। समितिले आवश्यकता अनुसार आवेदकको टेलिफोन अर्न्तवार्ता समेत लिन सक्ने छ।

उपरोक्त मूल्यांकन समितिवाट छनौट भएका उम्मेदवारहरु यस कार्यक्रमले संचालन गरेको तालीममा अनिवार्य रुपले सहभागि हुनु पर्नेछ। सो तालीम करीव एक हप्ताको हुनेछ र २०७६ असारको पहिलो हप्तामा संचालन हुनेछ। उक्त तालीममा राजस्व कार्य योजना तयारी, प्रशिक्षक प्रशिक्षण तथा स्थानीय सरकार संचालन सम्बन्धमा केन्दीत हुनेछ। तालीममा सहभागि नहुने उम्मेदवार सूचीकरण हुने छैन। तालीममा सहभागि हुदाँको होटल, स्रोत व्यक्ती तथा स्टेसनरी खर्च कार्यक्रमवाट वेहोरीने छ।

इच्छुक उम्मेदवारले आफनो योग्यता, अनुभव र सूचीकरण हुनको उद्देश्य सहितको निवेदन र अद्यावधिक CV निम्न इमेल procurement.np@undp.org मार्फत २१ जेठ २०७६ (4 June 2019) को  कार्यालय समय भित्र आवेदन गर्नु होला। रित नपुगेको र समय  भित्र नपुगेको दरखास्त उपर कारवाहि गरिने छैन। थप जानकारी आवश्यक भएमा query.procurement.np@undp.org मा इमेल पठाई माग गर्न सक्नु हुनेछ।